**चिन्तनमनन**

क. येशुका मानवताको कुन विषयहरूमा महत्त्वपूर्ण भएर तपाईंलाई परिक्रमा गरिरहेको छ? तपाईंका निम्ति यी विषयहरू किन महत्त्वपूर्ण छन्? फेरि यसै समयमा हरेक सूक्ष्म कुराहरूलाई लिएर येशुका मानव चोलाको बारेमा लिएर अनावश्यक विवादमा नफस्न कसरी सतर्क हुनुपर्दछ?

ख. एलेन जि ह्वाइटले भन्नुहुन्छ येशुका मानवता हाम्रा निम्ति सबै थोक हो (*सेलेक्टेड मेसेज्,* ठेली १, पृ.२४४) । यसको अर्थ के हो? तपाईंको दैनिक इसाई जीवनमा येशु मानिस हुनुभएको थियो भन्ने सत आधारले कसरी प्रभाव पारिरहेको हुन्छ? उहाँ मानिस हुनुभयो, त्यसले हाम्रो व्यावहारिक पक्षलाई कसरी असर पार्दछ?

सच्मुचमा भन्ने हो भने यस अध्ययनले तपाईंको व्यक्तिगत जीवनमा अरूलाई “म येशुका साथमा हिंड्दै छु" भनेर कसरी प्रत्याभूति दिन सक्नुहुन्छ? वर्तमान मानिसहरू जहाँ भएतापनि येशुका मानवताको यथार्थताले उनीहरूको जीवनमा उहाँको स्पर्शको अनुभूति कसरी प्राप्त गर्न सक्दछ?





# येशुका मानव चोलाको वास्तविकता

यस अध्यायका लागि पढ्नुहोस्: गलाती ४:४, १ तिमोथी २:५, ३:१६, हिब्रु ४:१५,१६, १ युहन्ना ४:१-३

<u>स्मरण गर्नुपर्ने पदः</u> “वचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा बास बस्नुभयो" (युहन्ना १:१४)।

नयाँ करारमा बिना तर्क येशुलाई परमेश्वर र मानव दुवै हुन् भनेर प्रस्तुत गरेको छ। आफ्नो सुसमाचारको पुस्तकमा वचन जो परमेश्वर थियो (युहन्ना १:१) भनेर युहन्नाले प्रस्तुत गरेपछि, उसले असाधारण तरिकाले यो घोषणा गर्दछ, त्यही वचन त्यही परमेश्वर हुनुहुन्छ, जो “ देहधारी हुनुभयो र हाम्रा बीचमा बास गर्नुभयो" (पद १४)। भविष्यमा मानिसहरूले येशुका नैतिक चरित्रमा प्रदूषित नगरोस् भनेर नयाँ करारका लेखकहरूले येशुका पापरहित जीवनलाई स्पष्ट रूपमा निरन्तरता दिएको पाउँछौं (हिब्रु ७:२६, १ पत्रुस २:२२)। यति मात्र होइन, नयाँ करारका लेखकहरूले येशु पूजनिय व्यक्ति र श्रद्धाका लागि योग्य हुनुहुन्छ भनेर ठोकुवा गरेको पाउँछौं (प्रेरित ७:५९, रोमी ९:५, हिब्रु १:६)। येशु भगवान् हुन्, मानिस सिद्ध हुनुभएको हो, उहाँको सदाचार र सच्चरित्रले महामानव वा महात्मा हुनुभएको हो, सिद्ध कर्मले मानिस येशु देवता हुनुभएको हो आदि जस्ता दार्शनिक, धार्मिक तर्क-वितर्कमा प्रारम्भिक चेलाहरू र त्यसपछिका येशुका अनुयायीहरू अल्झेका थिएनन्। पछिका पिँढीहरूले उहाँका बारेमा धेरै विवाद हुनेछ भनेर उनीहरूलाई सचेत नभएको होइन। “परमेश्वरको पुत्रको मानव चोला हाम्रा निम्ति सबै थोक हो....जब यस विषयमा हामी प्रवेश गर्नेछौं, त्यस समय येशुले मोशालाई जलिरहेको झाङमा बोल्नुभएको वचनहरूलाई मनन गर्नु उत्तम हुनेछ, “आफ्नो खुट्टाबाट जुत्ता फुकाल, किनभने जुन स्थानमा तिमी छौ, त्यो स्थान पवित्र छ" (प्रस्थान ३:५)। यस विषयमा अध्ययन गर्नुपर्दा नम्र भएर

सिकारुको रूपमा आउनुपर्दछ।"- एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्*, पृ.२४४।

### १. येशुका विद्यमान रहस्य (१ तिमोथी ३:१६)

गत अध्यायमा येशु नै परमेश्वर हुनुहुन्छ भन्ने रहस्यका बारेमा चिन्तन गऱ्यौं। जब हामी उहाँको मानवीय चोलाको बारेमा ध्यान गर्दछौं, यसको गम्भीर रहस्यमा चुर्लुम्म डुब्छौं। पावलले अभिव्यक्त गर्दछन्: "हामी स्विकार गर्दछौं, कि हाम्रो विश्वासको रहस्य अति महान् छ (मानवीय प्रश्नहरूले भेट्टाउन सकिँदैन):(उहाँमा भएको परमेश्वरीय रहस्य अति महान् छन्): उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो, पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरूबाट देखिनुभयो, (देशदेशावरहरूमा) जाति-जातिहरूका माझमा परिचित हुनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि उचालिनुभयो।" १ तिमोथी ३:१६ (नेपाली बाइबल र न्यु इङ्गलिश बाइबलमा आधारित पद)।

न त रोमी संसारमा न त पूर्विय संस्कारमा होस् इसाई धर्मका प्रवर्तक ईश्वरीय व्यक्ति हुनुहुन्छ भन्ने दावीलाई अचम्म मान्नुपर्ने कुरा भनेर लिइँदैन किनभने प्रायजसो सम्राट्हरू वा राजाहरू देवताका रूप हुन् भनेर विश्वास गरेको पाउँछौं। तर यो दावी जुन "इसाई परमेश्वरले मानव जातिप्रति यस्तो अति चासो र सरोकार राख्नुहुन्छ जसले गर्दा यसका लागि महाकष्ट पाउनुभयो। यो त कसैले नसुन्ने कुरा हो।"-यो उद्गार हस्टन स्मिथले *द इलेस्ट्रेड वर्ल्डस् रीलिजनस्* भन्ने पुस्तकमा व्यक्त गरेका छन् । (न्यु योर्कः हारपर्सकलिनस्,१९६०, पृ. २१९)

तर युनानी र रोमीहरू वा अरू जोसुकैका लागि अनौठो भए तापनि विद्वान् हस्टनको अभिव्यक्ति नै नयाँ करारको गवाही थियो।

देहायका पदहरूले येशुका बारेमा कसरी अभूतपूर्वक संक्षिप्तमा बयान गरेको पाउँछौं?

<u>मत्ती १:१८-२४, लुका १:२६-३५, युहन्ना १:१,१४, गलाती ४:४, फिलिप्पी २:५-११</u>



त्यो इतिहासको एक महत्त्वपूर्ण घटनाको रूपमा लिएको छ। वस्तुतः यसले येशु पूरा परमेश्वर र पूरा मानिस हुनुहुन्छ भनेर सहमत देखाएको थियोः "...हामी एकै आवाजमा यो सिकाउँछौं...हाम्रो प्रभु येशु त्यही र एकै मात्र परमेश्वर हुनुहुन्छ, उहाँ सिद्ध रूपमा त्यही त्रिएक परमेश्वर हुनुहुन्थ्यो र उहाँ नै सिद्ध रूपमा मानव हुनुहुन्थ्यो, सत रूपमा पक्कापक्की परमेश्वर र पक्कपक्की मानिस,.... परम पिता परमेश्वरसँग उहाँ नै हुनुहुन्थ्यो, र उहाँको मानव चोलाले उहाँ हामीसँग; सबै चरित्रमा हामी जस्तै हुनुहुन्थ्यो, तर पापरहित मात्र..."जस्तो एल. गोनजालेजले लिखित *ए हिस्ट्री अभ क्रश्चियन थट*, ठेली १, पृ.३९० मा उद्घृत (नाशभिलः अविनगेडन प्रेस, १९७०)। एडभेन्टिस्ट परिप्रेक्ष्यमा यस घोषणालाई कसरी लिएको छ भनेर जान्न रोय आदमस्को, *द नाटचर अभ क्राईस्ट*, पृ. ५७-७२मा पढ्नुहोस् (*हागरसटाउनः रिभ्यु एण्ड हेराल्डस् पब्लिसिङ्ग एसोसियसन, १९९४*)।

"येशुका मानव अवतारका बारेमा ध्यान गर्दा, हामी अगम्य रहस्यको भुमरीमा पर्दछौं।....जति हामी यसमा चिन्तन गर्नेछौं उत्तिकै हामीलाई चकित बनाउँछ। परम प्रभु येशुका ईश्वरीय चरित्र र बेटलहमको डुँडोमा परिरहेको निरीह बालकको बीचमा कस्तो महान् अन्तर छ! शक्तिशाली परमेश्वर र त्यस निरीह बालकको बीचमा भएको त्यत्रो दूरीलाई हामीले कसरी नजिक ल्याउने? र यद्यपि सारा जगत्का सृष्टिकर्ता जसमा त्रिएक परमेश्वरको सम्पूर्णता थियो, उहाँ असहायः भएर डुँडोमा पस्रिनुभयो! उहाँ कुनै स्वर्गदूतहरूभन्दा सर्वोच्च हुनुहुन्थ्यो, परम पितासँग उहाँको महिमा, यश, प्रतिष्ठामा र गौरवमा बराबरी हुनुहुन्थ्यो, तैपनि मानव चोला लिएर आउनुभयो! परमेश्वरीय स्वभाव र मानव स्वभाव रहस्यमय रूपमा मिलेर येशुमा संयोजन भएको थियो, मानिस र परमेश्वर एक हुनुभयो। येशुमा भएको यही दुईको समायोजनमा नै हामी पतित मानव जातका लागि आशाको किरण झल्किरहेको हुन्छ।"-एलेन जि ह्वाइट, *साइन अभ टाइम्स्*, जुलाई ३०, १८९६।

गर्नुभयो......' परमेश्वरले हाम्रो पापको भारी बोक्नलाई मात्र हामीलाई उहाँ दिनुभएन वा हाम्रा निम्ति बलि हुनुभएन बरू हामी पतित जातका लागि आफूलाई पनि सुम्पिनुभयो। उहाँले दिनुहुने चिर शान्ति कायमै रहोस् भनेर आफ्नो एक-मात्र पुत्रलाई हामीलाई दिनुभएर हाम्रो मानव परिवारमा आफूलाई समायोजन गर्नुभयो र हाम्रो मानव स्वभावलाई अनन्तकालसम्म कायमै राख्नुभयो....परमेश्वरले हाम्रो मानवीय स्वभावलाई उहाँको पुत्रको रूपमा अङ्गिकार गर्नुभयो र त्यसैलाई स्वर्गको सर्वोच्च शिखरमा पुऱ्याउनुभयो। यही मानिसको पुत्र हो जसले जगत्का सिंहासनमा सहभागी हुनुभएको छ।"-एलेन जि ह्वाइट, *द डिजायर अभ एजेज्,* पृ. २५. "शुद्ध, पवित्र मानव चोला लिएर येशु स्वर्गमा उक्लिनुभयो। यस मानवतालाई स्वर्गको अदालतहरूमा उभ्याइदिनुभयो, र यही स्वभाव नै अनन्त युगसम्म थामिराख्नुहुनेछ। उहाँले यस स्वभावलाई कायम गरेर यो देखाउन चाहनुहुन्छ, परमेश्वरको सहरमा रहन हरेक मानव जातलाई उहाँले उद्धार गर्नुभएको छ।"-एलेन जि ह्वाइट, *एसडिए बाइबल कमेन्टरी* ठेली ६, पृ. १०५४।

सायद तपाईंको साथीले येशुले हामीसँग अनन्तकालसम्म सम्बन्ध कसरी कायम गर्नुभएको छ भनेर सुन्दा पत्यार नगरी भन्न सक्थ्यो होलाः "यो असम्भव। परमेश्वरले यस्तो अपार योजना बनाउनु नै हुन्न!" त्यस व्यक्तिलाई तपाईंले के जवाफ दिनुहुन्छ? अनि अनन्तसम्म येशु हाम्रै स्वभावलाई कायम राख्नुहुन्छ भन्ने धारणालाई तपाईंले कस्तो अनुभूत गर्नुभएको छ? यो धारणा अचम्म र अपत्यारिलो भए तापनि, परमेश्वरको प्रेम मानव जातिका लागि कस्तो थियो भनेर यसले देखाउँछ?

### उपसंहार

अरू जानकारीका लागि पढ्नुहोस्ः शताब्दीयौंसम्म येशुका व्यक्तित्वका बारेमा वादविवाद र प्रतिवाद भएरहेको बेलामा सन् ४५१ मा कालसिडोनमा भएको धर्म परिषद्ले येशुका बारेमा जुन वक्तव्य निकाले



येशुका मानवता सम्बन्धी यथार्थ रूपमा सरल तरिकाले नयाँ करारका लेखकहरूले जसरी प्रस्तुत गरेका छन् त्यो रोचक र आकर्षणपूर्ण छ। येशुका बारेमा पछिका शताब्दीहरूका मानिसहरूले उहाँका बारेमा कस्तो घमासान तर्क र वितर्क गर्नेछन् भन्ने कुरा तिनीहरूलाई ख्यालै थिएन । ती लेखकहरूद्वारा येशुका मानव मुद्राको विषयमा कुनै तर्क वा वितर्क नजाउनु नै हाम्रा लागि ती बयानहरू विश्वसनीय आधार भएर धरोहरका रूपमा खडा भएका छन्। यो होइन कि प्रारम्भिक चेलाहरूले येशुका स्वभाव र पहिचानका बारेमा विवादको सामना गर्नुपरेको थिएन। यो कुरा हामीले नयाँ करारमै पाउँछौं। तर तिनीहरूले येशुका बारेमा राखेका धारणालाई न त कुनै तर्कनावादीसँग मिल्न खोजेको थियो, न त कुनै वैज्ञानिक प्रतिपक्षीलाई प्रसन्न पार्न खोजेको थियो। तर तिनीहरूले विशुद्ध तरिकाले आफूले देखेका र सुनेका कुराहरू प्रस्तुत गरेका थिए। उनीहरूलाई व्यक्तिगत र सामूहिक रूपमा येशुका असाधारण रहस्यले जसरी असर पारेको थियो त्यसले गर्दा कसैले पनि येशुका बारेमा वादविवाद वा प्रतिवाद नगर्न उनीहरूले चुनौती दिएको पाउँछौं। जसरी उनीहरूको जीवनलाई येशुले हाँक्नुभयो, यसले सबैलाई छक्क पार्नु स्वाभाविकै मान्नु पर्दछ।

### २. अनि त्यहाँ भिडन्त वा विवाद हुन्छ

जब येशुका देह रूप ग्रीक-रोमी साम्राज्यहरूले राज गरेका विश्वको अगाडि अनुपस्थित भए र सुसमाचारको प्रचार दोश्रो पिँढीमा परिचालन भए तब उहाँको व्यक्तित्वका बारेमा मानिसहरूले सोच्न थाले। सुसमाचारको आधारभूत तथ्यमा नै आँच आउने गरेर उहाँका बारेमा मानिसहरूले प्रतिविम्व गरेर तर्क-वितर्क गर्न सुरु गरेका थिए। उनीहरूले यो प्रश्न गरेः कसरी ईश्वर र मानिस एकै शरीरमा विद्यमान हुनसक्दछ? परमेश्वर कसरी नश्वर हुन सक्दछ? येशु र परम पिता परमेश्वरसँग के सम्बन्ध छ? येशुप्रतिको विश्वासमा आँच आउने यी र अरू धेरै प्रश्नहरूको बाढीले मानिसहरूका दिमागमा खोलो बग्न थाले।

प्रथम शताब्दीको सुरुमा नै येशुका बारेमा दुई मतभेदहरूको प्रादुर्भाव भए। एक मतले येशुका मानवतालाई धेरै जोड गरे र उहाँको ईश्वरीय चरित्रलाई ओझेलमा पारेभने अर्कोले त्यसको विपरीत। येशुका परमेश्वरीय चरित्रलाई आविष्कार गर्नेहरूमा ईबनाइतहरू थिए जो प्रारम्भिककालका यहूदी इसाईहरू थिए। उनीहरूले यो शिक्षा दिएः येशु परमेश्वरको पुत्र त्यसबेला भए जब उहाँले बप्तिस्मा लिनुभयो । यही बेला उहाँ अनन्तको ख्रिष्टसँग एकताबद्ध हुनपुग्नुभयो। त्यो अदृश्य ख्रिष्ट थियो, जो परमेश्वर थिएन र मानव जातिलाई उद्धार गर्न सक्दैनथ्यो, तापनि आए र मानिसहरूलाई परमेश्वरको आज्ञा मान्न सिकाउन आफूलाई सरिक गराए। तेश्रो शताब्दीको सुरुमा, आरियन मतले येशुका परमेश्वर चरित्रको विरुद्धमा नै संघर्ष गरे। यस धारणालाई नाईशियाको परिषद्ले इ.सन् ३२५मा घोर विरोध गरेका थिए।

फेरि नोस्टिक मतले त झन चर्को स्वरले येशुका बारेमा विवाद खडा गराए। उनीहरूले यो सिकाए आध्यात्मिक आत्मा असल हुन् र भौतिक पदार्थ खराब छन्, ती भौतिक पदार्थ जो शरीरको बनावट हो, त्यो दुष्ट हुन्छ। त्यसैकारण शारीरिक चोला सर्वोच्च परमेश्वरको वाहन हुनै सक्दैन। नश्वर मानिसले अविनाशी परमेश्वरको माध्यम भएर उहाँलाई प्रकट गर्न सक्दैन भनेर तिनीहरूले आफ्ना मतलाई अगाडि सारेका थिए।

१ युहन्ना ४ः१-३ लाई राम्ररी अध्ययन गर्नुहोस्। नोस्टिक (Gnostic) मतलाई युहन्नाले कसरी प्रतिवाद गर्न खोजेको पाउँछौं? येशुका बारेमा भ्रामक धारणाप्रति युहन्ना कसरी सजग थिए भनेर यी पदहरूले देखाउँछन्?

येशु को थिए भन्ने विवाद दोश्रोदेखि छैठौं शताब्दी गरेर पाँच शताब्दीहरूसम्म ठोस रूपमा चलेको थियो। पहिलो पटक त उहाँको ईश्वरीय चरित्रको बारेमा चुनौती दिएको थियो। के उहाँ परमेश्वर नै हुनुहुन्छ त? यदि हो भने, उहाँ र परम पिता परमेश्वरसँग कस्तो



**५. सनातन एकात्मकता (The eternal solidarity) (१ तिमोथी २ः५)**

जब हामीले परमेश्वर र हाम्रा बीचमा कस्तो भयङ्कर फरक छ भनेर ज्ञान हुँदा हुँदै पनि कसरी परमेश्वर मानिसको चोला लिएर नम्रताको पहिरन ओढी हाम्रो तहमा आउनुभयो सो कल्पना नै गर्न सकिँदैन। यस भेषमा उहाँले हामीलाई कृपालु भएर हाम्रा लागि हात पसार्नुभयो। अनि उहाँले आफ्नो लक्ष्य पूरा गरेपछि सायद हामीसँग भएको सम्बन्धलाई छोडेर पहिलाकै स्थितिमा स्वर्गमा विराजमान हुन जानुभयो भन्ने हाम्रो धारणा हुनसक्थ्यो। अनि उहाँ इतिहासको पानामा रहेर उहाँले कसरी हामीलाई प्रेमगर्नुभयो भनेर सम्झेर सन्तुष्ट हुनु पर्थ्यो। तर हामीलाई अत्यन्त स्तब्ध पार्ने कुरा त यो छ, उहाँले हाम्रो स्वभावलाई कायमै राखेर अनन्तसम्म हामीसँग उहाँले एकात्मकता (solidarity) देखाइरहनुहुन्छ। सदासर्वदा उहाँ हाम्रो अभिन्न उद्धारकर्ता परमेश्वर भइनैरहनुहुनेछ भनेर देखाउनुभएको छ।

उहाँले हाम्रो स्वभावलाई कसरी कायम गरेर हामीसँग ऐक्यवद्धता देखाउनुभएको छ भनेर देखाउन यहाँ दिएका केही पदहरू पढ्नुहोस्ः

<u>लुका २४ः३६-४३, प्रेरित १ः१०,११, प्रेरित १७ः३१, १ तिमोथी २ः५</u>

“उहाँको जीवन र मृत्युले गर्दा येशुले पापबाट ल्याएको विनाशलाई हटाएर अनन्त जीवनको प्रत्याभूति मात्र पुनःस्थापना गर्नु भएन। सैतानको यो योजना थियो, मानिस र परमेश्वर बीच सदासर्वदा अलग सम्बन्धले अभिप्रेरित भएर फाटो कायम भइरहोस्। तर येशुले गर्दा मानिस र परमेश्वर बीचको सम्बन्ध अकल्पनीय रूपमा झन् यसरी निकट भइदियो मानौं हामी कहिल्यै पनि पतित भएनौं। उद्धारकर्ता येशुले हाम्रो प्रकृति वा स्वभाव अपनाएर मानव जगतसँग यस्तो घनिष्ठता राख्नुभयो जुन कहिल्यै पनि चुँडिनेछैन। अनन्त युगसम्म उहाँको र हाम्रो बीचमा सम्पर्क रहिरहेको छ। ‘परमेश्वरले संसारलाई यस्तो प्रेम

किन गर्नुभयो? येशुले खप्नुभएको सास्ती, अपमान, तिरस्कार आदिको विशेष पक्षको कारणलाई यी पदहरूले समेट्न खोजेको पाउँछौं। ती कुन कारणहरू हुन्?

हिब्रु २:९, २:१४,१५, २:१६,१७, २:१८, ४:१४-१६, ५:८,९

याद गर्नुहोस् माथि उल्लेख गरेका हरेक पदको केन्द्रविन्दु येशु हुनुहुन्छ र जे सहनुभयो त्यो हाम्रै फाइदाको लागि सहनुभयो। येशुका यस प्रेरणादायी कष्ट र मानवतालाई हल्का रूपमा नलिएर गम्भीरतापूर्वक लिनुपर्दछ। प्रभु येशुले हाम्रो आवश्यकताप्रति उहाँ अति संवेदनशील हुनुहुन्छभन्ने ज्ञानले हामीलाई अति आनन्द दिनुपर्दछ। उहाँका पाखुराहरू हाम्रा लागि सधैं खुला छन्। हाम्रो बिजोग र विपत्तिहरूप्रति उहाँ अत्यन्त सजग हुनुहुन्छ किनभने यस संसारमा हुँदा उहाँले तिनीहरूको सामना गर्नु परेको थियो। हाम्रो दर्दको अनुभूति उहाँले पाउनुभएको छ। उहाँभन्दा दयालु, कृपालु, करुणादायी र अति सहृदयी उद्धारकर्ता र मूल पुजारी अरू को होला? समष्ट मानव कल्याणका लागि उहाँले दुःख, कष्ट भोग्नुभएको कारणले उहाँको याद गर्दा अत्यानन्दको अनुभूति हामी सबैमा हुनुपर्दछ र उहाँप्रति अति आभारी हुनुपर्दछ। उहाँले हामीलाई साहस प्रदान गर्नुभएको कारणले “परमेश्वरको अनुग्रहको सिंहासन सन्मुख आश्वस्त तरिकाले आउन सक्दछौं।" (हिब्रु ४:१६), जसले गर्दा हाम्रो सम्पूर्ण जीवन उहाँमा नै समर्पण गर्न सक्दछौं र उहाँले हामीलाई सैतानको चक्रव्यूहबाट सुरक्षित राख्न सक्नुहुन्छ भन्ने विश्वासमा अडिग हुन सक्दछौं।

वर्तमान अवस्थामा तपाईंले के दुःख कष्टको सामना गरिरहनुभएको छ? तपाईंको पीडाप्रति येशु संवेदनशील हुनुहुन्छ र त्यसलाई बुझ्नुहुन्छ भन्ने तथ्यहरूले तपाईंलाई कसरी हौसला प्रदान गर्दछ?



सम्बन्ध थियो? त्यसपछि ती प्रश्नहरू उहाँको मानव चोलाका बारेमा तेर्स्याइयो। कसरी परमेश्वर र मानिस एकै हुनसक्दछ भनेर तार्किकहरूले प्रश्न गरे। उहाँका बारेमा अनेक वक्तव्यहरू र त्यस वक्तव्यको विरोधहरू, अनेक विचारहरू र त्यसको प्रतिवादहरू, दोषारोपणहरू, निन्दाहरू, विरोधी र समर्थकहरूका बीचमा तानातान र कतिलाई त चर्चहरूबाट बहिष्कृत गरे र समाजबाट निष्कासन पनि गरिए। अनेक किसिमका वादहरूको प्रादुर्भाव भएकाले मानौं येशु अब ओझेलमा नै पर्ने भए भनेर कतिले त दावी पनि गरे। अचम्मलाग्दो त यो छ, येशुका बारेमा जतिसुकै भनाभन, खलबली, वादप्रतिवाद भए तापनि येशुका सारभूत चरित्र वा स्वभाव र उहाँको व्यक्तित्वमा कसैले पनि आँच ल्याउन सकेन। (उपसंहारमा उल्लिखित कल्दियनको धार्मिक वक्तव्य हेर्नुहोस्)

येशुका मानव चोलाको बारेमा चर्चहरूमा आज पनि के प्रश्नहरू खडाभएको पाउनुभएको छ? यी प्रश्न वा जिज्ञासाहरूले हामीलाई बीचलित हुन नदिन र विभाजन नल्याओस् भनेर कसरी सावधानी अपनाउने? प्रारम्भिक चर्चमा यी प्रश्नहरूले अनेक फुट ल्याएको थियो।

**३ उहाँले हाम्रो स्वभावलाई ग्रहण गर्नुभयो**

येशुका धेरै जसो समकालीन मानिसहरूले उहाँलाई असाधारण व्यक्ति भनी ठानेका थिए, यद्यपि उहाँलाई मानिसकै रूपमा चिनिएका थिए। जब सामरी स्त्रीले गाउँमा हत्तपत्त गएर सारा मानिसहरूलाई एक असाधारण यहूदीले कसरी इनारमा उनीसँग वार्तालाप गरे भनेर सुनाइन्, उनको घोषणा सीधा थियोः “एक जना मानिसलाई हेर्न आउनुहोस्" (युहन्ना ४:२९)। येशुका समकालीन मानिसहरूले उहाँका बारेमा कस्तो धारणा थियो भनेर उनको वचनको साक्षीले, सर्वव्यापी मान्यता अनुसार बोलेकी थिइन् भनेर देखाउँछ। जब येशु र उहाँका चेलाहरू डुङ्गामा भएको बेलामा हुरीबतास आएको थियो, त्यसबेला उहाँले शान्त

पार्नुभएको थियो। उहाँका घनिष्ठ चेलाहरूले त्यस कार्यलाई अद्भुत मानेर छक्क परेर बोले: "यो कस्तो खालको मानिस हो?" (मत्ती ८:२७)

तल दिएका केही पदहरूले येशु कठित मानिस नभएर विशुद्ध हाड, मासु र रगतको चोला लिएर आउनुभएको व्यक्ति हो भनेर कसरी समर्थन गर्दछ?

मत्ती ८:२४, मत्ती २१:१८, युहन्ना ४:५,६, युहन्ना ४:७, १९:२८, युहन्ना ११:३३-३५।

जब येशु संसारमा हुनुहुन्थ्यो, उहाँले आफ्नो परमेश्वरीय गुणहरू वा स्वभावलाई परिचालन नगर्न स्वेच्छाले थन्काउनुभयो। हो, उहाँले समर्पण गर्नुभयो तर छोड्नुभएन। उहाँमा ईश्वरत्व थियो र जुनसुकै बेलामा पनि आफ्नो फाइदाको लागि परिचालन गर्न सक्नुहुन्थ्यो तर गर्नुभएन। दैनिक जीवनको कष्ट र परीक्षाहरूबाट राहत दिन ती गुणहरू वा स्वभावलाई प्रयोग गर्न कतिपटक प्रलोभितभएका थिए। उहाँले जुन रूपमा कष्ट भोग्नुभयो, त्यो हाम्रा लागि खोलेको थिएन, यद्यपि दैनिक जीवनको कष्टमा संयमता अपनाउनु नै उहाँको मुख्य भाग वा चुनौती थियो।

बाइबलले हाम्रो हरेक चासोलाई कसरी प्रेरित गर्दछ भनेर देखाउनुपर्दछ भन्ने छैन भन्ने कुरालाई मनमा राख्नु हाम्रो लागि हितकरी हुन्छ। उदाहरण स्वरूप, तिनीहरूले येशुमा कुन मानवीय स्वभाव र ईश्वरीय स्वभावका भागहरू मिलेका छन् र एकआपसमा सम्बन्ध छन् भनेर खुलाउन चेष्टा गर्रिंदैन। तर तिनीहरू यो स्पष्ट पार्दछन्, येशु एक एकीकृत व्यक्ति हुनुहुन्थ्यो। ती धर्मशास्त्रका पानाहरूले आफूलाई सीमित राख्नका लागि येशुका मानवीय र ईश्वरीय चरित्रलाई प्राविधिक छलफल गरेनन् बरु यो यकिन गरे र स्विकार गरे, येशु दुवै चरित्रहरूको संमिश्रण थिए। तिनीहरूले ठोकुवा गरे, नारीबाट जन्मनु भएको येशु परमेश्वरको पुत्र नै थियो (गलाती ४:४)। "येशुले देखावटी रूपमा मात्र मानव चोला धारण गर्नुभएन, तर वास्तवमै भौतिक शरीर



हुनुभएको थियो। यथार्थतामा भन्ने हो भने उहाँ मानव चोलाको स्वामित्वमा हुनुहुन्थ्यो।"-एलेन जि ह्वाइट, *लिफ्ट हिम अप,* पृ. ७४।

हाम्रा निम्ति येशुका मानवता किन महत्त्वपूर्ण छ? येशु मानव चोला लिएर जन्मनुभयो भन्ने तथ्यले हाम्रा लागि के अर्थ छ? हाम्रो मानवीय परिवन्धमा येशु पनि पर्नुभएर हाम्रो सीमित गुणहरूप्रति उहाँ संवेदनशील हुनुभएको थियोभन्ने ज्ञानले हामीलाई कस्तो हौसला प्रदान गर्दछ?

## ४. हाम्रो दर्दलाई महसुस गर्नु (हिब्रू ४:१५-१६)

परमेश्वर मानव चोला लिएर यस संसारमा किन आउनुभयो त? यो प्रश्न गहन र महत्त्वपूर्ण छ। यस प्रश्नको जवाफलाई हामीले आफ्नै तर्क वा वितर्कले समाधान गर्न खोज्नुबाट परै हुनुपर्दछ। यसको मतलव यो होइन, हामीलाई चित्तबुझ्दो जवाफको आवश्यकता छैन। तर यस जिज्ञासालाई कुनै दर्शन, विज्ञान, समाजशास्त्र वा कुनै पनि मानवीय बौद्धिक क्षमताले सके सम्म स्वतन्त्र रूपमा अनुसन्धान गरेर जवाफ पाउँदैनौं। न त कुनै कल्पना वा मनगढन्ते कुरा गरेर आफ्नै निष्कर्ष निकाल्न सक्दछौं। येशुका मानवीय स्वभावको बारेमा थाहा पाउन बाइबल आफैले के उजागर गर्दछ त्यसलाई नै आत्मसात् गर्नु हाम्रा लागि सुरक्षित उपाय हो। हिब्रूको पुस्तकमा हामीले राखेका जिज्ञासाहरूलाई कतिपय स्पष्ट रूपमा ब्याख्या गर्न खोजेको पाउँछौं। यस विषयमा जुन उल्लेख गरिएका वक्तव्यहरूको अभिप्राय हामीले बुझ्नु पर्दछ। फेरि यही पुस्तकमा येशुले हाम्रो मुख्य पुजारीको काम अहिले स्वर्गको मन्दिरमा गरिरहनुभएकोलाई केन्द्रिभूत गरेको पनि कम महत्त्व छैन।

तलका हरेक पदहरूमा येशुका मानव चोलाको पक्षमा उल्लेखनीय रूपमा प्रस्तुत गरेको पाउँछौं। ती पदहरूलाई हेर्नुहोस् र यिनीहरूमा अन्तरनिहित प्रश्नको जवाफ दिन खोज्नुहोस्: उहाँले यो